नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
कृषि विभाग

# बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र

## श्रीमहल, ललितपुर

## गहुँ बालीको स्रोत (मूल तथा प्रमाणित) बीउ उत्पादकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रमका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति लगायतका विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३ भाद्र ०५ गते शुक्रबार)

बीउ विजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम चालु आ.व. २०८३/८४ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुरबाट संचालन हुने **अनुमति प्राप्त स्रोत बीउ उत्पादकहरुलाई बीउ बिक्री परिमाणको आधारमा प्रोत्साहन अनुदान** कार्यक्रममा सहभागी हुनको लागि गहुँ बालीको स्रोत (मूल तथा प्रमाणित) बीउ उत्पादनमा संलग्न बीउ उत्पादकहरुलाई subsidy.doanepal.gov.np मा रहेको **स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान** संभागमा गई देहाय बमोजिमका शर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी अनलाइन रजिष्ट्रेसन गर्नु हुन (यस अघि रजिष्ट्रेसन भएकाले लग इन गर्नुपर्ने) र अनलाइन रजिष्ट्रेसन स्वीकृत भएका योग्य आवेदकहरुले उक्त प्रणालीमा आपूर्ति तथा बिक्री विवरण एवं तोकिएका कागजातहरु प्रणालीमा प्रविष्ट गर्नुहुन सूचित गरिन्छ ।

**शर्त, प्रोत्साहन अनुदान, जात तथा समय सिमा**

१. स्रोत (मूल तथा प्रमाणित) बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध हुने गहुँबालीका जातहरु र प्रोत्साहन अनुदान रकम देहाय बमोजिम हुनेछः

| कार्यक्रम | जातको प्रकृति | जातहरु | अनुदान रकम रु प्रति के.जी. |
|---|---|---|---|
| अनुमति प्राप्त स्रोत बीउ उत्पादकहरुलाई बीउ बिक्रीको आधारमा प्रोत्साहन अनुदान | पुराना लोकप्रिय जातहरुः | भृकुटी, गौतम, डब्लु.के. १२०४, आदित्य, एन.एल. ९७१, विजय, धौलागिरी | २५ |
| | नयाँ तथा Bio fortified जातहरुः | तिलोत्तमा, डाँफे, वाणगंगा, स्वर्गद्वारी, मुनाल, च्याखुरा, खजुरा डयुरम १, खजुरा डयुरम २, बि.एल. ४३४१, मुडुले १, कौटिला, तिला, सुर्मा, हिमगंगा, भेरीगंगा, खुमलशक्ति, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लोग २०२० | २६ |

२. स्रोत (मूल तथा प्रमाणित) बीउ उत्पादनको अनुमति पत्र प्राप्त कृषक, कृषक समूह, सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी, निजी उद्यमीहरु मात्र यस प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन् । स्रोत (मूल तथा प्रमाणित) बीउ उत्पादनको अनुमति प्राप्त संस्थाले स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान वा उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान मध्ये कुनै एउटा संभागमा मात्र आवेदन दिन सक्नेछ ।

३. प्रमाणीकरण पद्दती (Certification system) बाट प्रमाणित गरिएको मूल तथा प्रमाणित बीउको बिक्री परिमाणको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

४. मूल तथा प्रमाणित बीउ उत्पादकहरुले अनलाइन आवेदन (Registration) गरे पश्चात प्रोत्साहन अनुदान प्रासिका लागि स्वीकृत आवेदकहरुले कार्यविधिको अनुसूचि २ मा तोकिएका कागजातहरु, बीउ आपूर्ति तथा बिक्री विवरण DESES मा प्रविष्ट गर्नु पर्नेछ ।

५. बिक्रेताले अनुदान प्राप्त गर्न आफुले उत्पादन गरेको स्रोत बीउ सो भन्दा तल्लो स्तरका बीउ उत्पादन तथा कारोबार गर्न अनुमति प्राप्त उत्पादकलाई बिक्री गर्नु पर्नेछ ।

६. प्रोत्साहन अनुदान भुक्तानीको क्रममा बिक्री परिमाण एकिन गर्न केन्द्रले बिक्री अवधिको बैंक कारोबार (बैंक स्टेटमेन्ट), निवेदन लगायतका थप कागजातहरु माग गर्न सक्नेछ ।

७. रजिष्ट्रेसन प्रारम्भ मिति: **२०८३ भाद्र ०५ गते शुक्रबार**

८. रजिष्ट्रेसन समाप्त हुने मिति: **२०८३ आश्विन ०८ गते बिहीबार**

९. बीउ आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति (जात अनुसार छुट्टा छुट्टै पेश गर्ने): **२०८३ कात्तिक १२ गते बिहीबार**

१०. बीउको बिक्री विवरण प्रविष्ट गर्ने अन्तिम मिति (जात अनुसार छुट्टा छुट्टै पेश गर्ने): **२०८३ मंसिर १७ गते बिहीबार**

बिस्तृत जानकारीका लागि Visit Website: www.ccdabc.doanepal.gov.np तथा कार्यालय समय भित्र यस केन्द्रको फोन नं. ०१-५४२११५१, ९८६८९४१४६७, ९८५१२०९२६६, ९८४१०८१०३० तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरुमा सम्पर्क गरी बुझ्न सकिनेछ ।